## देवताल गाउँपालिका

# स्थानीय राजपत्र

भागः १ | खण्डः ८ | संख्याः २ | मितिः २०८१/०३/१०

## विनियोजन विधेयक, २०८१

## देवताल गाउँपालिकाको विनियोजन विधेयक–२०८१

सभाबाट पेश मितिः २०८१/०३/१०

देवतालगाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन।

प्रस्तावना:देवताल गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिम देवताल गाउँसभाले यो ऐन वनाएको छ ।

१.संक्षिप्तनामर प्रारम्भः

(१)यस ऐनको नाम "देवतालगाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।
(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः

(१)आर्थिकवर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु३४,७३,४४,७४८।१५ (अक्षेरुपी चौतिस करोड तिहतर लाख चौवालिस हजार सात सय अरचालिस रुपैया पन्ध्र पैसा मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त देवताल गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मारकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानीखर्च

CamScanner

शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) वमोजिम
संञ्चितकोषवाट विनियोजन हुने रकम

| क्र.स | अनुदान शिर्षकको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | सशर्त अनुदान संघीय | ११,३५,५०,०००।- | |
| २ | वितिय समानिकरण संघीय | ९,३२,००,०००।- | |
| ३ | राजश्व बाडफाड संघीय | ७,४३,००,०००।- | |
| ४ | विशेष अनुदान संघीय | ०० | |
| ५ | समपुरक अनुदान संघीय | १,५०,००,०००।- | |
| ६ | आन्तरिक आय | २७,००,०००।- | |
| ७ | समानिकरण अनुदान प्रदेश | ६५,५०,०००।- | |
| ८ | विपेश अनुदान चालु प्रदेश | ३००००००।- | |
| ९ | समपुरक अनुदान प्रदेश | २००००००।- | |
| १० | प्रदेश सशर्त अनुदान | ८०,००,०००।- | |
| ११ | आसमान नेपाल | २,९०,४४,७४८।१५ | |
| | जम्मा | ३४,७३,४४,७४८।१५ | |

CamScanner

आज्ञाले,

नविन कुमार श्रीवास्तव

प्रमुख प्रशासकिय अधिकृत

CamScanner